# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १६ मितिः २०७७/०९/२८

## भाग - १

## टीकापुर नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७७

प्रमाणिकरण मिति : २०७७/०९/२८

**प्रस्तावना :** नेपालको संविधानको धारा २२६२ अनुसूची ८ मा रहेको एकल अधिकारको सुची अन्तर्गतको स्थानीय सेवा व्यवस्थापन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमको स्थानीय तहका काम कर्तव्य र अधिकार सम्बन्धि व्यवस्थाको कार्यान्वयन गर्न नेपालको संघीय कानुन कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३मा भएको व्यवस्था, साविकमा प्रचलनमा रहेको कानुन र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसारसाविकको टीकापुर नगरपालिकाको सेवामा स्थायी नियुक्ति पाई सोही सेवा समुहको समान पदमा स्वतः समायोजन भएका कर्मचारीहरु र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा ८ बमोजिम समायोजन भएका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धि ऐन निर्माण गरी स्थानीय सेवाको व्यवस्थापन गर्न बान्छनीय भएकोले टीकापुर नगरपालिकाको आठौँ नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम' 'टीकापुर नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न बनेको ऐन, २०७७ रहने छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ''संविधान'' भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले टीकापुर नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन,२०७७ लाई सम्झनु पर्दछ ।

(ग) ''कर्मचारी'' भन्नाले यस ऐन को प्रयोजनका लागि तत्काल प्रचलित कानुन वमोजिम साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति भई हाल टीकापुर नगरपालिकामा स्थायी रुपमा कार्यरत र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा ८ बमोजिम समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ।

(घ) ''स्थानीय तह'' भन्नाले टीकापुर नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "सेवा सुविधा" भन्नाले प्रचलित कानुन वमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनु पर्दछ ।सो शब्दले सेवा निवृत्त भएपश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यतालाई सम्झनुपर्दछ ।

(छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

**३. संगठन तथा कर्मचारी दरवन्दी :**

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी टीकापुर नगरपालिकाको नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐनको दफा ४ बमोजिमको वृत्ति विकास तथा प्रोत्साहन सम्बन्धि विशेष व्यवस्था बमोजिम कायम हुने दरबन्दी स्वतः सृजना भएको मानिने छ।साथै प्रदेश सभाले यस सम्बन्धमा कानुन बनाई लागु गरेमा यो कानुन स्वत: खारेज हुनेछ ।

**४.तह/स्तर वृद्धि विकास तथा प्रोत्साहन सुविधा सम्बन्धी विशेष व्यवस्था:**

(१) दफा ३ बमोजिमको संगठन संरचना र दरबन्दीमा स्थानीय तहका कर्मचारीहरुको १ पटकका लागि तह/स्तरवृद्धि तथा प्रोत्साहन सुविधा उपलब्ध गराईने छ। यस नियम बमोजिम तह/स्तरवृद्धि गर्दा कर्मचारी समायोजन ऐन,२०७५ ले तोकेको न्यूनतम शैक्षिक योग्यता, विशिष्टीकरण सेवा समुह र योग्यता प्रणालीको सिद्धान्तलाई मुख्य आधार बनाईने छ ।

(२) उपदफा (१) बमोजिम तह/स्तरवृद्धि तथा प्रोत्साहन गर्दा सेवा अवधिलाई गणना गरि तह/स्तरवृद्धि तथा प्रोत्साहन दिनु पर्नेछ ।

माथि दफा ४को उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लेखित स्थायी कर्मचारीहरुलाई एक तह प्रोत्साहन सुविधाको रुपमा वृद्धि गरिनेछ।अन्य अर्थ लगाई एक तहभन्दा माथिको प्रोत्साहन सुविधा उपलब्ध हुनेछैन।

(३) उपदफा (१) बमोजिम तह/स्तरवृद्धि/ बढुवा तथा प्रोत्साहन गर्दा देहायको मापदण्डको आधारमा गरिनेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | थप प्रोत्साहन |
|---|---|---|---|
| सहायकस्तर तृतीय | हाल सहायक स्तर तृतीय तहमा कार्यरत रही बाह्र वर्ष भन्दा बढी सेवा अवधि भएको र हाल कार्यरत पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको | सहायकस्तर चौथो | २ ग्रेड थप |
| सहायकस्तर चौथो | हाल सहायक स्तर चौथो तहमा कार्यरत रही चार वर्ष भन्दा बढी सेवा अवधि पुराभएको तर नौ वर्ष भन्दा कम सेवा अवधि भएको | सहायकस्तर पाँचौ | - |
| | हाल सहायक स्तर चौथो तहमा कार्यरत रही नौ वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको तर बाह्र वर्ष भन्दा कम सेवा अवधि भएको | सहायकस्तर पाँचौ | १ ग्रेड थप |
| | हाल सहायक स्तर चौथो तहमा कार्यरत रही बाह्र वर्ष भन्दा बढी सेवा अवधि भएको | सहायकस्तर पाँचौ | २ ग्रेड थप |
| सहायकस्तर पाँचौ | हाल सहायक स्तर पाचौं तहमा कार्यरत रही चार वर्ष भन्दा बढीसेवा अवधि भएको | अधिकृतस्तर छैठौ | - |
| अधिकृतस्तर छैठौ | हाल अधिकृत स्तर छैंठौ तहमा कार्यरत रही चार वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको तर बाह्र वर्ष भन्दा कम सेवा अवधि भएको | अधिकृतस्तर सातौ | - |
| | हाल अधिकृत स्तर छैंठौमा कार्यरत रही बाह्र वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको | अधिकृतस्तर सातौ | २ ग्रेड थप |

तर उल्लेखित व्यवस्थाको सम्बन्धमा प्रदेशसरकारले कानून बनाई लागु गरी यस व्यवस्थासंग बाझिएमा बाझिएको खण्डमा बाझिएको हदसम्म प्रदेश सरकारको कानून बमोजिम हुनेछ ।

५. कर्मचारीलाई वृति विकास तथा प्रोत्साहन सुविधा उपलब्ध गराउदा कायम हुने तलवमान निजले खाइपाई आएको साविक तलवमान भन्दा कम हुने भएमा अपुग  रकम वरावरको ग्रेड थप गरी तलवमान कायम गरिनेछ।

६. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम उपलब्ध गराईएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा  त्यसरी थप भएको ग्रेड समेत दिईनेछ ।

७. ज्येष्ठता निर्धारणको आधार :

(१) समायोजन हुनु भन्दा अघिल्लो तहमा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

८. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात नगर कार्यपालिकाको कार्यालयले यस ऐन बमोजिम सुविधा प्राप्त गर्नका लागि आवश्यक योग्यता पुगेका कर्मचारीहरुबाट निवेदन सहित आवश्यक कागजात माग गर्नु पर्नेछ।

९. यस स्थानीय तहमा समायोजन भै आएका साविक स्थानीय निकायका स्थायी कर्मचारीहरु र कर्मचारी समायोजन ऐन, २०७५को दफा ७ को उपदफा ८ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई यस ऐनबमोजिम प्रोत्साहन सुविधा लिन मिल्ने  भए सुविधा प्राप्त गर्न वाधा पर्ने छैन।

१०. प्रोत्साहन सेवा सुविधा लिने कर्मचारीको थप भएको रकम नगरपालिकाको आन्तरिक आयबाट खर्च लेखिने छ । उक्त थप रकमको पूर्ण व्यवस्थापन गरेर मात्र नगरपालिकाले बांकी हुन आउने रकम नगरपालिकाको आन्तरिक आयको रकम विकास योजनामा खर्च गर्न पाउने छ ।

११. व्याख्या : यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगर सभाले गरेको  व्याख्या नै अन्तिम हुनेछ ।

१२. यस ऐन बमोजिम हुने : यस ऐन मा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ। अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकिय अधिकृत
टीकापुर नगर कार्यपालिकाको कार्यालय